# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ४, मिति २०८२ आश्विन ०८ गते

## भाग-२

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### तिनाउ गाउँपालिकाको बालकोष संचालन कार्यविधि, २०८२

तिनाउ गाउँपालिका भित्रका आपतकालिन एवं जोखिममा अवस्थामा रहि बिशेष संरक्षणको आवश्यक परेका बालबालिकाहरुको तत्काल संरक्षण,उद्धार,राहत वितरण र पारिवारिक पुनर्स्थापना,मनोसामाजिक परामर्श गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि  बाल कोष सञ्चालन गर्न वाञ्छनिय देखिएकोले तिनाउ गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम यो कार्यविधि तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

क) यो कार्यविधिको नाम बालकोष कार्यविधि "२०८२" रहेको छ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा** :

क) "कार्यालय" भन्नाले तिनाउ गाउँपालिका, गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

ख ) "गाउँपालिका "भन्नाले तिनाउ गाउँपालिकालाई सम्झनुपर्छ।

ग) "कोष" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको बाल कोष सम्झनुपर्छ।

घ)"संचालन समिति"भन्नाले दफा ४ बमोजिमको संचालक समिति सम्झनु पर्दछ।

ङ) "बालबालिका" भन्नाले बाल अधिकार ऐन ,२०७५ बमोजिम १८ वर्ष उमेर नपुगेका बालबालिकालाई सम्झनु पर्दछ।

च)"आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले यस कार्यविधिको दफा ८ बमोजिमका बालबालिका सम्झनुपर्छ।

**३. बालकोषको स्थापना :**

तिनाउ गाउँपालिकामा बालकोष नामको एक कोषको स्थापना गरिने छ, जसमा देहायबमोजिमको रकम रहने छ :

क) तिनाउ गाउँपालिका गाउँ सभाले विनियोजन गरेको रकम ।

ख) संघ वा प्रदेश बाट प्राप्त रकम।

ग) स्वेदशी व्यक्ति संघ वा संस्थाबाट सहयोग प्राप्त  रकम।

घ) विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम।

ङ) कोषलाई अन्य कुनै स्रोत बाट प्राप्त  रकम।

**४. संचालक समितिको गठन** :

कोषको संचालन र व्यवस्थापन एवं स्रोतको खोजी गर्न देहायबमोजिमको संचालक समिति रहनेछ।

क) उप प्रमुख - संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ग) सामाजिक विकास समिति संयोजक - सदस्य

घ) लेखा प्रमुख - सदस्य

ङ) बाल अधिकार समितिका सदस्यहरु मध्येबाट समितिले तोकेको १जना - सदस्य

च) प्रहरी चौकी प्रमुख - सदस्य

छ) महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तिनाउ गाउँपालिका - सदस्य सचिव

**५. बालकोष संचालक समितिको काम कर्तव्य र अधिकार : संचालक समितिको काम कर्तव्य र अधिकार देहायबमोजि हुनेछ।**

क) आपतकालिन अवस्थामा रहेका बालबालिकाको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारीक पुनर्मिलन गर्ने गराउने।

ख) आवश्यकता र उपलब्ध स्रोतको आधारमा सहयोग गर्ने।

ग) बालबालिका बाल संजालको बैठकमा सहभागि हुन आउदा यातायात खर्च उपलब्ध गराईनेछ।

घ) प्रत्येक ६ महिनामा कार्य प्रगती विवरण तिनाउ गाउँपालिकाको बालमैत्री स्थानीय शासन समितिमा पेश गर्ने।

ङ) कोषको आय व्ययको विवरण अधावधिक गर्ने।

च) कोषको वृद्धि गर्न नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने प्रत्येक वर्ष कोषमा रकम जम्मा गर्ने ।

छ) आपतकालिन अवस्थामा बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने।

ज) कोषको वृद्धिमा सहयोग गर्ने संघसंस्था वा व्यक्तिको सम्मान गर्ने विवरण अद्यावधिक गर्ने।

**६. संचालक समितिले गर्न नहुने कामहरु :**

क) कोषको रकम हिनामिना वा समितिको कुनै सदस्य वा अन्य व्यक्तिलाई लगानी गर्न।

ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न।

**७. संचालक समितिको बैठक :**

आपतकालिन अवस्थामा बालबालिकाहरुको संरक्षणका लागि बालमैत्री स्थानीय शासन समिति, बालमैत्री स्थानीय शासन वडा समिति, गाउँपालिका बालअधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहायबमोजिम बस्नेछ।

क) संचालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

ख) संचालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। निजको अनुपस्थितिमा संचालक समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

ग) संचालक समितिको सहमतिका आधारमा निर्णय हुनेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ।

घ) संचालक समितिको निर्णय सदस्य सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ।

ङ) संचालक समितिको सम्पर्क स्थान बालमैत्री स्थानीय शासन समिति सम्पर्क शाखामा रहनेछ।

**८.आपतकालिन एवं जोखिम अवस्थाका बालबालिका अन्तर्गत देहायका बालबालिका पर्दछन् :**

क) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका।

ख) जोखिमपुर्ण निकृष्ट श्रममा संलग्न रहेका बालबालिका।

ग) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका ।

घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित बालबालिका।

ङ) बाबुआमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे भएका बालबालिका।

च) यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा असार पसारमा परेका बालबालिका।

छ) हिंसाबाट प्रभावित एवं पिडित बालबालिका।

ज) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका।

झ) अपाङ्ग भएका बालबालिका।

ञ) सुस्त मनस्थिति भएका बालबालिका।

ट) अपहरण वा शरिर बन्धकमा परेका बालबालिका।

ठ) सडक बालबालिका।

ड) एच. आई. भि. एड्स संक्रमित भएका बालबालिका।

**९.निवेदन दिन सक्ने :** यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्नेको लागि बालबालिकाले राहात तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला तथा बालबालिका शाखामा निवेदन दिनुपर्नेछ।

**१०. राहत तथा आर्थिक सहयोग सम्बन्धमाः**

१. यस कार्यविधी दफा (९) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरि बिशेष संरक्षण तथा गर्नुपर्ने भएमा जटिलताको प्रकृति अनुरुप संचालक समितिको निर्णयानुसार संरक्षण तथा पुर्नस्थापनाको को लागि राहत स्वरुप आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

**११. तत्काल रकम उपलब्ध गराउन सक्नेः**

१. यस कार्यविधीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि पिडितलाई तत्काल उद्धार, औषधी उपचार,पुनर्स्थापनना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीरता निम्तिने तथा मानविय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट दश हजार रुपैयाँमा नबढ्ने गरि मनासिब रकम पिडित व्याक्तिलाई उपलब्ध गराउन सक्नेछ ।

२. उपदफा (१) बमोजिमको अवस्था परि सञ्चालक समितिको अध्यक्षबाट पिडित व्यात्तीलाई रकम उपलब्ध गराइएकोमा त्यस लगत्तै बस्ने सञ्चालक समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ ।

**१२. कोषको संचालन :**

बालकोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वा 'ख' वर्गको बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ। खाताको संचालन कार्यालय प्रमुख र लेखा प्रमुख संयुक्त दस्तखत बाट हुनेछ।

**१३.कोषको लेखा र लेखापरिक्षण**: कोषको आय व्ययको लेखा र लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

**१४.प्रतिवेदन पेश गर्नेः** सञ्चालक समितिले प्रत्येक चौमासिकमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१५.निर्देशन दिन सक्ने** :

कार्यपालिकाले संचालक समितिको काम र कार्वाहिको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**१३.संशोधन सम्बन्धी व्यवस्था :**

यस कार्यविधि संसोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

**१४. प्रचलित कानुन बमोजिम :**

यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**मिति २०८२।०५।१३ गते**

**आज्ञाले**
**दिनेश सारु**
**प्रमुख प्रशासकीय अधिकृत**